# बैठक नं. ६४

आज मिति २०७८ जेष्ठ २६ गते बुधबारका दिन यस बेचचुली नगरपालिकाको नगर प्रमुख श्री पूर्ण कुमार श्रेष्ठज्यूको अध्यक्षता मा ७४ औं कार्यपालिका बैठक बस्यो ।

उपस्थिती

| सि.न | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री पूर्ण कुमार श्रेष्ठ | नगर प्रमुख | |
| २ | श्री पार्वता तिवारी | नगर उप-प्रमुख | |
| ३ | श्री लक्ष्मणराज भण्डारी | कार्यपालिका सदस्य | |
| ४ | श्री माधव के.सी | कार्यपालिका सदस्य | |
| ५ | श्री गोपाल राज शर्मा लम्साल | कार्यपालिका सदस्य | |
| ६ | श्री गिर बहादुर थापा क्षेत्री | कार्यपालिका सदस्य | |
| ७ | श्री शिवलाल सापकोटा | कार्यपालिका सदस्य | |
| ८ | श्री मिन बहादुर सोती | कार्यपालिका सदस्य | |
| ९ | श्री भुपराज पाठक | कार्यपालिका सदस्य | |
| १० | श्री चन्द्र बहादुर सिंजाली | कार्यपालिका सदस्य | |
| ११ | श्री मेख बहादुर थापा सारु मगर | कार्यपालिका सदस्य | |
| १२ | श्री केशर आले | कार्यपालिका सदस्य | |
| १३ | श्री रमेश बहादुर ठाडा मगर | कार्यपालिका सदस्य | |
| १४ | श्री दिनानाथ भुसाल | कार्यपालिका सदस्य | |
| १५ | श्री डिल बहादुर खत्री | कार्यपालिका सदस्य | |
| १६ | श्री हेमराज दवाडी | कार्यपालिका सदस्य | |
| १७ | श्री हरिभक्त भट्टराई | कार्यपालिका सदस्य | |
| १८ | श्री केशर बहादुर क्षेत्री | कार्यपालिका सदस्य | |
| १९ | श्री विष्णु प्रसाद आचार्य | कार्यपालिका सदस्य | |
| २० | श्री टिकामाया सिंजाली | कार्यपालिका सदस्य | |
| २१ | श्री सकुन्तला गुरुङ | कार्यपालिका सदस्य | |
| २२ | श्री सुवोचन्द्र सुवेदी | कार्यपालिका सदस्य | |
| २३ | श्री माया सुवेदी | कार्यपालिका सदस्य | |
| २४ | श्री नव कुमारी शर्मा | कार्यपालिका सदस्य | |
| २५ | श्री कमला दमै | कार्यपालिका सदस्य | |
| २६ | श्री खेमलाल नेपाली | कार्यपालिका सदस्य | |
| २७ | श्री भोज बहादुर माझी | कार्यपालिका सदस्य | |
| २८ | श्री गोविन्द सिग्देल | सदस्य सचिव | |

Scanned with CamScanner

## अन्य उपस्थिति

१. राम प्रसाद शर्मा, नगर शिक्षा प्रमुख, शिक्षा शाखा
२. जिपलाल श्रेष्ठ, शा. अ. अधिकृत, प्रशासन तथा योजना शाखा
३. टिकाराम बस्पाल इन्जिनियर पूर्वाधार शाखा
४. शिव खापकोटा आधिकृत छैठौं आर्थिक विकास शाखा
५. कृष्ण हरी खापकोटा सूचना अधिकारी सूचना तथा प्रविधि शाखा
६. अनिता काफ्ले लेखापाल आर्थिक प्रशासन शाखा
७. गोविन्द नेपाली स.कम्प्युटर अपरेटर प्रशासन शाखा
८. सन्दिप न्यौपाने एम.आई.एस. अपरेटर
९. भूपाल लामिछाने स्वकिय सचिव (नगर प्रमुख).

प्रस्तावहरु :

१, शिसवार मध्यवर्ती क्षेत्रको खोला संरक्षण तथा व्यवस्थापन सम्वन्धमा।

२, फोहोरमैला पूर्वाधारमा विनियोजित रकम मध्येबाट वडा नं. ३ र १३ को खोला तटवन्धमा खर्च गर्ने सम्वन्धमा।

३, कोभिड अस्पतालमा २४सै घण्टा खटिएका स्वास्थ्यकर्मीको खाना खर्चभुक्तानी सम्वन्धमा।

४, आगामी आ.व.२०७८/०७९ को वजेट शिलिङ्ग निर्धारण गर्ने सम्वन्धमा।

## मिति २०७८।२।२६ को नगर कार्यपालिकाको ७४औं वैठकबाट भएका निर्णयहरु

### निर्णय नं. १,

प्रस्ताव नं. १ उपर छलफल गर्दा शिसवार मध्यवर्ती उपभोक्ता समितिले चालु आ.व.२०७७/०७८ मा सो क्षेत्रका बिभिन्न खोलाहरुबाट ग्राभेल उपलव्ध गराएबापत प्राप्त हुन आउने रोयल्टी रकम मध्येको ५०% शिसवार मध्यवर्ती उपभोक्ता समिति र नगरपालिकाका प्रतिनिधिहरुसमेतकोसंयुक्त अनुगमन समितिबाट जुन खोलाबाट जति परिमाणमा ग्राभेल उपयोग भएको हो सोही अनुपातमा सोही खोलाको अति आवश्यक देखिएका स्थानमा खोलाकटान नियन्त्रण तथा सो खोलासम्मको पहुंचस्थलको सुधारका लागिर बांकी ५०% रकम मानव तथा वन्यजन्तु बीचको द्वन्द नियन्त्रण, पर्यटकीय स्थलको सुधार लगायत प्रशासनिक खर्चसमेतका लागि समानुपातिक रुपले वजेट विनियोजन गर्ने व्यवस्थाका लागि उक्त उपभोक्ता समितिलाइ जानकारी गराउने निर्णय गरियो।

### निर्णय नं. २,

प्रस्ताव नं. २ उपर छलफल गर्दा वडा नं. १३ मा रहेको वडा कार्यलय तथा आधारभूत स्वास्थ्य सेवा केन्द्रको भवन र वडा नं. ३ तर्फको बौलाहाखोलाबाट भएको कटान नियन्त्रणका लागि जिल्ला समन्वय समितिसंग रकम व्यवस्थाका लागि अनुरोध गरी पठाइएकोमा उक्त रकम हाल रोक्का रहेको भन्ने जानकारी प्राप्त हुन आएको र उक्त क्षेत्रमा तटवन्धन नियन्त्रणको कार्य अति आवश्यक देखिएकोले माग बमोजिमको रकम प्राप्त हुन नसकेमा चालु आ.व. का लागि फोहोर मैला पूर्वाधार व्यवस्थापन शीर्षकमा विनियोजित रकम रु, २५ लाख मध्येबाट बचत हुन आएको रकम प्राविधिकको ल.ई अनुसार खर्च गर्नेगरी उक्त तटवन्धन कार्यमा भएको खर्च रकम नियमानुसार भुक्तानी दिने निर्णय गरियो।

२/२६
पूर्णकुमार श्रेष्ठ
नगर प्रमुख

गोविन्द सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

निर्णय नं. ३,

प्रस्ताव नं. ३ उपर छलफल गर्दा हालको अवस्थामा कोभिड अस्पतालमा विरामीहरुको उपचारको सिलसिलामा २४ सै घण्टा खटिएका स्वास्थ्यकर्मी तथा चिकित्सकहरुलाई खाना खर्च वापतको दैनिक रु, ३३०।- का दरले हुन आउने रकम नियमानुसार भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ४,

प्रस्ताव नं. ४ उपर छलफल गर्दा आगामी आ.व. २०७८/०७९ का लागि प्रस्ताव गरिएको बजेट शिलिङ सम्वन्धमा आगामी कार्यपालिका वैठकबाट थप छलफल गरी एकिन गर्ने निर्णय गरियो ।

गोविन्द सिग्देल
प्रमुख प्रशासकीय अधिकृत

पूर्णकुमार श्रेष्ठ
नगर प्रमुख

Scanned with CamScanner